# अध्याय - एक

# परिचय

## विषय प्रवेश

अनुसन्धान एक खोजमूलक कार्य हो । अनुसन्धानबाट नयाँ नयाँ सत्यको प्रतिपादन हुने गर्दछ । नयाँ तथ्यको जन्म हुने गर्दछ । नयाँ सत्यको, नयाँ तथ्यको उद्घाटन गर्नका लागि अनुसन्धान गर्ने गरिन्छ । यहाँ पनि स्नातक प्रथम वर्षको अनिवार्य नेपाली विषयको पाठ्यांशमा समाविष्ट तत्सम शब्दको अध्ययन गरिएको छ । स्नातक तहमा पढ्ने विद्यार्थीहरूका लागि यो अनुसन्धानले भरपुर सहयोग गर्नेछ । त्यस तहका कथा विधामा समाविष्ट तत्सम शब्दहरूको निर्माण प्रक्रिया, अर्थ, शब्द वर्ग जस्ता शब्दको अध्ययन अनुसन्धान गरिएको छ । तत्सम शब्दको बोध क्षमता सबै विद्यार्थीहरूमा निपूर्ण नहुने भएकाले तत्सम शब्दको शोधकार्यले विद्यार्थी वर्गलाई सहज बनाउने देखिन्छ भने अध्यापन गराउन शिक्षकका लागि पनि यस शोधकार्यले सहयोग पुऱ्याउनेछ ।

स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त शब्दहरू (तत्सम, तद्भव र आगन्तुक) मध्ये यहाँ तत्सम शब्दहरूको खोज कार्य गरिएको छ । यो शोधपत्र तयार पार्नुपूर्व यस तहको कथा विधाको तत्सम शब्दको अध्ययन नगरिएकाले, खोज अनुसन्धान नभएकाले स्नातक तहका विद्यार्थीहरूलाई र अध्यापन गराउने शिक्षकहरूलाई लक्षित गरी अनुसन्धान कार्य गरिएको छ । यो अनुसन्धान कार्य जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग, इटहरी सुनसरीबाट तयार पारिएको छ । यो अनुसन्धान कार्य निगमन विधिबाट तयार पारिएको छ । यहाँ तत्सम शब्दको अर्थ नियममा आधारित भएर पुस्तक नेपाली वृहत् शब्दकोष अगाडि राखेर अनुसन्धान गरिएको हुनाले निगमन विधिबाट शोधपत्र तयार पारिएको छ । 'नेपाली साहित्यिक रचना' पुस्तकको कथा विधामा प्रयुक्त पाँच कथाहरू रहेका छन् । ती पाँच वटै कथामा प्रयुक्त तत्सम शब्दहरूको अर्थ, निर्माण प्रक्रिया र शब्दवर्ग खोज कार्य गरिएको छ । यस अनुसन्धानबाट प्रत्यक्ष रूपमा स्नातक तह प्रथम वर्षका विद्यार्थीहरूले लाभ लिन सक्छन् ।

## समस्या कथन

कुनै पनि अध्ययन अनुसन्धान समस्याकै सेरोफेरोमा रहेर गर्ने गरिन्छ । शोध आफैमा गहन र कठिन कार्य हो । त्यसमा पनि स्नातक तह, प्रथम वर्षको नेपाली विषयको कथा विधामा रहेका विभिन्न शब्दहरूलाई केलाएर छुट्याई विश्लेषण गर्नु झन् कठिन कार्य हो । शैक्षिक क्षेत्रका सन्दर्भमा हाम्रो नेपाली भाषामा आगन्तुक, तद्भव र तत्सम शबदहरूले के कति भूमिका खेलेको छ त ? यी सबै कुरा विचरणीय पक्ष हो । झर्रा नेपाली शब्द त सीमित मात्रामा रहेका छन्, जसलाई पूर्णता दिने काम यिनै आगन्तुक तत्भव र तत्समले गरेका छन् ।

तत्सम शब्द भन्नाले नेपाली भाषाको संस्कृत भाषाबाट जस्ताको तस्तै नेपाली भाषामा आएका शब्द भन्ने बुझिन्छ, जसले नेपाली भाषाको पाठ्यपुस्तकमा समाविष्ट भएर शिक्षण कार्यलाई समस्या पनि

सिर्जना गरेको देखिन्छ । वाक्यको विभिन्न परिवेशमा आएर यस्ता तत्सम् शब्दले कुन वर्गका रूपमा कसरी काम गर्छन् भन्ने कुराको अवगत नहुनु विद्यार्थीमा समस्याको पाटो हो । विद्यार्थीलाई मात्र होइन यस्ता शब्दको पदवर्ग छुट्याउन शिक्षकलाई पनि मुस्किल पर्न सक्छ । पदवर्गका साथै उक्त तत्सम् शब्दको मूल अर्थ पत्ता लगाउनका लागि यस्ता शब्दको बनोट प्रक्रियामा पनि ध्यान पुऱ्याउन जरुरी छ । बनोट प्रक्रियाअन्तर्गत उपसर्ग, प्रत्यय, समास, द्वित्व, सन्धी कुन प्रक्रियाबाट शब्द निर्माण भएको छ, त्यसका बारेमा जानकारी भएमा मात्र शब्द बनोट प्रक्रिया छुट्याउन र त्यसको बारेमा वास्तविक अर्थ पत्ता लगाउन सकिन्छ । यस सन्दर्भमा स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकमा कथा विधाका तत्सम शब्दहरू सम्बन्धी समस्याहरूलाई बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ -

क) शब्दको वर्गीकरण र तत्सम शब्दको सङ्क्षिप्त परिचय कसरी दिन सकिन्छ ?

ख) स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू के कस्ता रहेका छन् ?

ग) कथा विधामा उपसर्ग र प्रत्यय शब्दहरू के कस्ता रहेका छन् ?

घ) कथा विधामा समास र द्वित्व शब्दहरू के कस्ता रहेका छन् ?

## अध्ययनको औचित्य र महत्त्व

स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली विषयको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको खोजी गर्नु नै यस शोधको औचित्य हुनेछ । तत्सम शब्दको अध्ययनले भाषालाई सहज, सरल र मिठासयुक्त बनाउनुका साथै दुर्बोध्य र क्लिष्ट बनाउने कार्य बनाउने हुँदा यस्ता शब्दको अध्ययन अनुसन्धान गर्नु महत्त्वपूर्ण हुन आउँछ ।

यस शोधकार्यमा स्नातक प्रथम वर्षको अनिवार्य नेपाली विषयको कथा विधामा समाविष्ट तत्सम शब्दहरूलाई व्यवस्थित अध्ययन गरिनेछ । यहाँ तत्सम शब्दहरू के कति मात्रामा प्रयोगमा आएका छन्, ती शब्दहरू कसरी बनेका छन् भन्ने कुराको जानकारी हुनुका साथै मूल शब्दका आधारमा व्युत्पन्न शब्दको अर्थ बोध गर्न शिक्षक विद्यार्थीलाई मद्दत मिल्नेछ । यस प्रकार शब्दको बनोट प्रक्रियाले संस्कृत भन्नासाथ तर्सिने व्यक्तिलाई आवश्यक राहत मिल्ने र मार्ग निर्देशन समेत गर्नेछ । बनोट प्रक्रिया तथा पदवर्गको वितरणले पाठ्यक्रम, पाठ्यपुस्तक निर्मातालाई समेत सहयोग पुऱ्याउने हुनाले यो शोधकार्य महत्त्वपूर्ण हुनेछ । यसकारण तत्सम शब्दहरूको अध्ययन हुनु जरुरी छ ।

## अध्ययनका उद्देश्यहरू

यो अध्ययन अनुसन्धान निम्न उद्देश्यमा केन्द्रित रहेको छ -

क) तत्सम शब्दको वर्गीकरण र शब्दहरूको सङ्क्षिप्त परिचय दिनु,

ख) स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण गर्नु ।

ग) कथा विधामा उपसर्ग र प्रत्यय शब्दहरूको निर्माण प्रक्रिया पहिचान गर्नु,

घ) कथा विधामा समास र द्वित्व शब्दहरूको निर्माण प्रक्रिया पहिचान गर्नु,

## अध्ययनको सीमा

प्रस्तुत शोधपत्र स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तक भित्रका कथा विधामा रहेका तत्सम शब्दहरूको खोजी गर्ने कार्यमा मात्र केन्द्रित रहेको छ । यस बाहेकका अन्य पक्षहरू यस अध्ययनका सीमा रहेका छन् ।

# अध्याय - दुई

## पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

### पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यको सुरुवात गर्नुपूर्व सो क्षेत्रसँग सम्बन्धी के कस्ता अनुसन्धान भएका छन् भनी जानकारी प्राप्त गर्न शोधकर्ताले पूर्वकार्यको समीक्षा गर्नु आवश्यक छ । किनकी विगतमा भएका अनुसन्धानात्मक कार्यले वर्तमानका कार्यलाई मार्गदर्शन दिन्छ । विगतमा गरिएका अध्ययन अनुसन्धानले वर्तमान र आगामी दिनमा गरिने अध्ययनमा सघाउ पुऱ्याउँछन् । विगतमा यस्ता अध्ययन कसरी गरिए, के कस्ता विधि अपनाएर गरिए, अध्ययन कार्य सफल बनाउन कस्ता समस्या देखा परे, साथै नवीन सिद्धान्त र विधिका बारेमा महत्त्वपूर्ण जानकारी गर्ने भएकाले स्तरीय अनुसन्धान कार्यका लागि पूर्वकार्यको समीक्षा गर्नु आवश्यक छ । प्रस्तुत शोधसँग सम्बन्धित अध्ययन निम्नअनुसार छन् -

भट्टराई (२०६६) द्वारा एम.एड. प्रयोजनका लागि *कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम् शब्दहरूको अध्ययन* शीर्षकमा अध्ययन विश्लेषण गरेको पाइयो । उक्त अध्ययन र विश्लेषणमा कक्षा पाँचको पाठ्यपुस्तकमा समाविष्ट भएका जम्मा तत्सम शब्दहरू ५२५ रहेको देखाइएको छ । ती तत्सम शब्दहरूलाई पदवर्ग (नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, निपात) व्युत्पती प्रक्रिया छुट्याई कक्षा पाँचमा पढ्ने पढाउने सरोकारवालालाई सहयोग पुगे पनि शब्दको अर्थ, पृष्ठ, तथा पाठगत शब्द छुट्याइएको पाइएन ।

अधिकारी (२०६६) द्वारा *कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको अध्ययन* शीर्षकमा शैक्षिक प्रयोजनले शोधकार्य गरेको पाइयो । प्रस्तुत अध्ययनमा कक्षा नौका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको अध्ययन गरेको पाइयो र यी शब्दहरूको अध्ययनमा पदवर्ग, व्युत्पति प्रक्रियाको सामान्य अध्ययन गरेर शब्द जानकारी सरोकारवालालाई भए पनि यसमा पनि शब्दको अर्थ, पृष्ठ खुलाएर अध्ययन गरेको पाइएन ।

त्यस्तै अर्को शब्दसम्बन्धी अध्ययन ज्ञावली (२०६६) द्वारा *कक्षा सातको हाम्रो नेपाली किताबमा प्रयुक्त शब्दहरूको विश्लेषण* शीर्षकको शोधपत्र तयार गरेको पाइयो । यस अध्ययनमा शब्दहरूलाई नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक र निपात वर्गमा विभाजन गरी गणना गरिएको पाइयो । कक्षा सातको नेपाली पाठ्यपुस्तकका शोधकर्तामा जम्मा २३५६ शब्द सङ्ख्या रहेको र पदवर्गका दृष्टिले नाम वर्गका ५८.११ प्रतिशत, विशेषण १८.५५ प्रतिशत, क्रियापद १३.३३ प्रतिशत, क्रियाविशेषण ५ प्रतिशत रहेको देखाई कक्षा ९ का शब्दहरूको विशिष्ट रूपले अध्ययन तथा शब्दको अर्थ, पृष्ठ समेत अध्ययन गरेको पाइयो ।

खड्का (२०६७) द्वारा *कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन* शीर्षकमा शैक्षिक प्रयोजनका लागि तयार गरिएको पाइयो । उक्त अध्ययनमा कक्षा ११ मा कथा विधामा समावेश भएका तत्सम शब्दहरूको अर्थ, व्युत्पति, पाठ, पृष्ठ र सङ्ख्या समेत देखाइएको पाइयो । यो कार्य शब्दहरूको अध्ययनका लागि गरिएको यो महत्त्वपूर्ण कार्य मान्न सकिन्छ ।

दाहाल (२०६७) द्वारा शैक्षिक प्रयोजनका लागि *कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन* शीर्षकमा अध्ययन गरिएको पाइयो । उक्त अध्ययनमा सबैको नेपाली पाठ्यपुस्तकमा निबन्ध विधामा समावेश भएका तत्सम शब्दहरूको अर्थ, व्युत्पति, पाठ, पृष्ठ र सङ्ख्या समेत उल्लेख गरिएको छ । यो अध्ययनले त्यस तहका त्यस सम्बन्धी सरोकारवालाहरूलाई सहयोग गर्ने भएकाले यसलाई महत्त्वपूर्ण काम मान्न सकिन्छ ।

शब्दभण्डारको अध्ययनमा केन्द्रित भएर विभिन्न अनुसन्धानकर्ताले अनुसन्धान गरेको पाइएता पनि हालसम्म स्नातक प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथा विधामा प्रयुक्त तत्सम शब्दमा केन्द्रित भएर कुनै पनि अनुसन्धानकर्ताले अनुसन्धान गरेको पाइँदैन । तसर्थ यो अध्ययन नै यस विषय र क्षेत्रको प्रथम अनुसन्धान हुनेछ ।

## पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

कुनै पनि कार्यको सुरुवात गर्नुपूर्व सो क्षेत्रसँग सम्बन्धित के कस्ता अनुसन्धान भएका छन् ती जानकारी प्राप्त गर्नु आवश्यक हुन्छ । किनकी विगतमा भएका अनुसन्धानात्मक कार्यले वर्तमान कार्यलाई मार्गदर्शन दिन्छ । यसकारण यो अनुसन्धान कार्य गर्नु पूर्व तत्सम शब्दको अध्ययन थुप्रै भएका छन् । त्रि.वि. अन्तर्गतका क्याम्पस र आङ्गिक क्याम्पसहरूबाट यससँग सम्बन्धित वा तत्सम शब्दसँग सम्बन्धित अनुसन्धान भएका छन् । ती मध्ये केही अनुसन्धानहरू हिराकुमार भट्टराईको एम.एड. प्रयोजनका लागि "कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दको अध्ययन", निर्मला अधिकारी (२०६६) शैक्षिक प्रयोजनका लागि "कक्षा नौ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन" जस्ता अनुसन्धान भएका छन् । ती अनुसन्धान कार्यले सबै पक्षलाई समेट्न नसकेको र सबै तहलाई अपुग भएको देखी यहाँ "स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली विषयको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन" शीर्षकमा अनुसन्धान गरिएको छ । यो अनुसन्धान यसपूर्व शब्दभण्डारको अध्ययनमा केन्द्रित भएर शोध भए पनि यो शीर्षकमा नभएकाले यो शोधकार्यले स्नातक प्रथम वर्षमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि बोधकार्यमा उपयोगी, शब्दनिर्माण प्रक्रिया ज्ञान हुनका लागि उपयोगी र शब्दवर्ग जान्नका लागि उपयोगी हुने देखिन्छ । यो शोधकार्यले यस तहमा पढाउने शिक्षकका लागि पनि उपयोगी देखिन्छ । साथै आगामी दिनमा अनुसन्धान कार्य गर्नेहरूका लागि समेत यसले मार्गनिर्देश गर्ने भएकाले उपयोगी देखिन्छ । यो शोधकार्य यसपूर्व यस शीर्षकमा नगरिएको र यो शोधकार्य सम्पन्न गर्नका लागि शोधनिर्देशक र विज्ञहरूसँग सहयोग लिदै तयार पारिएको हुनाले यो शोधकार्य मौलिक हो ।

## सैद्धान्तिक/धारणात्मक संरचना

अनुसन्धान कार्य गर्दा त्यसपूर्व भएका अनुसन्धानहरूलाई हेरेर, अनुसन्धानका नियमलाई टेकेर, सैद्धान्तिक पक्षको ज्ञान लिएर मात्र गर्नुपर्ने हुन्छ । नियमलाई नटेकी सैद्धान्तिक ज्ञानलाई नजानी गर्दा त्यस अनुसन्धानले वैज्ञानिक पूर्णता नपाउने र व्यक्तिको निजत्वको प्रभाव रहने भएकाले यो शोधपत्र तयारीका क्रममा शब्दभण्डारको अध्ययन गर्दा नेपाली विद्वान्  डा. हेमाङ्गराज अधिकारीको समसामयिक नेपाली व्याकरण, नेपाली वृहत् शब्दकोश र नेपाली साहित्यिक रचना पुस्तकका आधारमा लिइएको छ ।

# अध्याय तीन

# अध्ययन विधि

## अध्ययनको संरचना

स्नातक तह प्रथम वर्ष अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा समावेश भएका कथा विधाका पाठहरूमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गर्नका लागि यस शोधकार्यमा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको प्रकृति, बनोट, वर्ग, अर्थ, पाठको शीर्षक र पृष्ठका आधारमा विश्लेषण गरिएको छ । यसर्थ यसमा पुस्तकालय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधि अपनाइएको छ ।

## जनसङ्ख्या र नमुना

अनुसन्धान कार्य तथ्य, प्रमाणका आधारमा मात्र सम्पन्न हुने गर्दछ । सामग्री सङ्कलन गर्नका लागि जनसङ्ख्याको रूपमा स्नातक प्रथम वर्षको अनिवार्य विषयको पाठ्यांशमा समाविष्ट कथा विधामा प्रयुक्त सबै तत्सम शब्दहरूलाई लिइएको छ । यहाँ पुस्तकालयीय अध्ययन विधि भएकाले नमुनाका रूपमा यहाँ नलिई सबै तत्सम शब्द जनसङ्ख्याका रूपमा रहेका छन् ।

## नमुना छनोट प्रक्रिया

अनुसन्धान कार्य सम्पन्न गर्नका लागि सबै जनसङ्ख्यालाई नमुनाका रूपमा लिएर सम्भव नहुने भएकाले सबै खाले जनसङ्ख्याको गुणको प्रतिनिधि रूपमा समावेश गरी नमुना छनोट गर्ने गरिन्छ । यहाँ पुस्तकालयीय विधि भएकाले पुस्तकालयमा पुस्तकको शब्द सङ्कलन गरिएकाले नमुना छनोट कार्य असान्दर्भिक ठानिएकाले नमुना छनोट प्रक्रिया आवश्यक छैन ।

## तथ्याङ्क सङ्कलनका साधनहरू

यस शोधपत्रका लागि निम्न साधनहरूको प्रयोग गरिएको छ ।

### प्राथमिक स्रोत

यस शोधपत्रको प्राथमिक स्रोतका रूपमा स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकलाई लिइएको छ ।

### द्वितीय स्रोत

यस शोधपत्रको द्वितीय स्रोत अन्तर्गत सैद्धान्तिक अध्ययनका निम्ति नेपाली व्याकरण, भाषाविज्ञानका पुस्तकहरू, अप्रकाशित शोधपत्र, शिक्षक सुझाव तथा निर्देशनलाई अङ्गिकार गरिएको छ ।

उल्लिखित स्रोतका आधारमा विश्लेषणात्मक विधि अपनाई तत्सम शब्दहरूको विश्लेषण गरी अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

## तथ्याङ्क सङ्कलन प्रक्रिया

अनुसन्धान कार्य तथ्यमा आधारित हुने गर्दछ । तथ्यमा आधारित भएकाले तथ्याङ्क सङ्कलन गर्न निश्चित विधि र प्रक्रिया अवलम्बन गर्ने गरिन्छ । शोधपत्र तयार पार्नका लागि पुस्तकालयीय र क्षेत्रीय विधि मुख्य मानिन्छन् । स्नातक प्रथम वर्षको अनिवार्य विषयको पाठ्यांशमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनका लागि पुस्तकालयीय विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । सामग्री सङ्कलन गर्दा पुस्तकालयीय विधिमा नेपाली साहित्यिक रचना, पुस्तक र पुस्तकमा कथा विधामा प्रयोग भएका तत्सम शब्दहरूको अध्ययनका लागि नेपाली बृहत् शब्दकोशको सहयोगमा सामग्री सङ्कलन कार्य सम्पन्न गरिएको छ ।

## तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलन पश्चात् तथ्याङ्कको व्याख्या विश्लेषण कार्य निश्चित नियम र विधिमा रहेर गर्नुपर्ने हुन्छ । सङ्कलित सामग्रीहरूलाई निगमन विधिको प्रयोग गरी नेपाली साहित्य रचना पुस्तकलाई र नेपाली बृहत् शब्दकोशलाई अगाडि राखेर शब्दहरूको अर्थ खोज्ने, शब्दहरूको निर्माण प्रक्रिया पत्ता लगाउने, शब्दवर्ग छुट्याउने, पाठ र पृष्ठ उल्लेख गर्ने कार्य गरिएको छ । यस कारण स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली विषयको पाठ्यांशमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययनका लागि निगमन विधिको प्रयोग गरिएको छ ।

# अध्याय - चार

## शब्दको परिचय, वर्गीकरण र तत्सम शब्दको विश्लेषण

### शब्दको परिचय

भाषामा शब्दको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शब्द अर्थपूर्ण एकाइ हो । एक वा एक भन्दा बढी अक्षर मिली बनेको स्वतन्त्र रूपमा प्रयोग हुनसक्ने अर्थपूर्ण एकाइलाई शब्द भनिन्छ । यो रूपिम भन्दा माथिल्लो पदावली भन्दा सानो भाषिक एकाइ हो । घर, पानी, गोठ, गाई आदि स्वतन्त्र रूपमा प्रयोग हुने हुन्छ । वाक्यमा प्रयोग हुन सक्ने शब्दलाई पद पनि भनिन्छ । कुनै पनि भाषामा शब्दभण्डार हुन्छ । त्यही निश्चित शब्दभण्डार भित्र रहेका शब्दहरूको समूह समूहमा गरिने विभाजनलाई शब्दवर्ग भनिन्छ । जस्तै नाम शब्दवर्ग, विशेषण शब्दवर्ग इत्यादि (लम्साल र भट्टराई, २०६५ : २४) ।

### शब्दको वर्गीकरण

भाषाको आर्जन गर्न कथा, कविता, निबन्ध, प्रबन्ध, नाटक आदि विधाको अध्ययनबाट सम्भव भएता पनि यी विधाहरूको अध्ययन गर्नका लागि शब्दको ज्ञानको आवश्यकता पर्दछ । शब्द सबै विधा निर्माणको आधार तत्त्व हो । शब्दलाई विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ ।

१. स्रोतका आधारमा

२. बनोटका आधारमा / व्युत्पतिका आधारमा

३. कार्यका आधारमा

### स्रोतका आधारमा शब्द वर्गीकरण

कुनै पनि भाषामा शब्दभण्डार रहेको हुन्छ । ती विभिन्न स्रोतबाट आएका हुन्छन् । भाषाले जुन ठाउँबाट शब्द ग्रहण गर्दछ, त्यसलाई स्रोतका आधारमा नेपालीमा मौलिक र आगन्तुक गरी दुई वर्गको शब्द भेट्टाउन सकिन्छ (न्यौपाने, २०५१ : २४२) ।

### मौलिक शब्द

नेपाली भाषाको शब्दभण्डार संस्कृत भाषाकै शब्दबाट गरिएका कारण भाषाको स्रोत संस्कृत हो । कुनै पनि भाषाका आफ्नै स्रोतका शब्दलाई मौलिक शब्द भनिन्छ । नेपाली भाषामा मौलिक शब्दहरू संस्कृतबाट आएका छन् । संस्कृत भाषाबाट नेपाली भाषामा आएका शब्दहरूलाई मौलिक शब्द भनिन्छ । मौलिक शब्द पनि तत्सम र तद्भव गरी दुई किसिमका छन् ।

## तद्भव शब्द

संस्कृतबाट सोझै नआई प्राकृत र अपभ्रंश हुँदै रूप फेरिएर आएका शब्दलाई तद्भव शब्द भनिन्छ । जस्तै : आगो, साउन, असार, हात आदि (बराल र एटम, २०६६ : ८८) ।

## तत्सम शब्द

तत्सम शब्दको सामान्य अर्थ संस्कृतबाट रूप नफेरिइ नेपालीमा आएको भन्ने हो । अर्को तरिकाबाट भन्दा तत् भनेको त्यो र सम् भनेको उस्तै वा बराबर भन्ने हो । अर्थात्  "अरू भाषाबाट रूप नफेरिई आफ्नो भाषामा आएर जस्ताको तस्तै चलेका शब्द तत्सम शब्द हुन्" (ने.बृ.श., २०४० : ५८२) । यहाँ 'तत्सम' ले संस्कृत शब्द भन्ने अर्थ रूढ रूपमा अर्थाएको छ । यसो भनेर संस्कृत शब्दलाई तत्सम भनिए पनि संस्कृत भाषामै भएका शब्दहरूलाई चाहिँ तत्सम शब्दले चिनाइरहनु पर्दैन । संस्कृत भाषाबाट अरू शब्दमा हेरफेर नभइकन आएका शब्द एक भाषाबाट अर्को भाषामा रूप नफेरिई आएका शब्द केवल नेपाली भाषामा प्रयोग हुन आएका सग्ला संस्कृत शब्दलाई तत्सम शब्द भनिन्छ ।

संस्कृत तत्सम शब्दको प्रयोग नेपालीमा धेरै हुने हुनाले विशेष गरी भाषा साहित्यका अध्येता लगायत अन्य प्रशासनिक क्षेत्रका अध्येता समेत अर्थबोधको समस्याबाट पिडित  छन् । अझ नेपाली इतर मातृभाषा भएका विद्यार्थीहरूका लागि त तत्सम शब्द फलामका चिउरा नै सावित हुने गर्दछन् । यस अवस्थामा नेपाली भाषाका लागि तत्सम शब्दको अध्ययन अपरिहार्य तत्त्व हुँदै आएको छ । यसका साथै संस्कृत भाषाको उपेक्षा गर्दै आएको समूहका लागि पनि यसको अपरिहार्यताको कमी छैन । यस्तो स्थितिमा तटस्थ शब्दको प्रयोग, स्थान र उपस्थिति अझै प्रबल बन्दै गएको छ ।

यान्त्रिक विकास तथा चिकित्साशास्त्रका यावत् संयन्त्रको प्रशस्त उल्लेख अर्थवेद, धनुर्वेद, आयुर्वेद जस्ता बौद्धिक ग्रन्थमा भएको र यसका आधारमा विश्वले चरम उन्नति गरेको तथ्य जति लुकाए पनि लुक्दैन । यस्तो हुँदा ती क्षेत्रका शब्दहरू जस्ताको तस्तै हाम्रा भाषामा आउने कुरा नौलो कुरा होइन । सबैभन्दा राम्रो त ती शब्दले दिएका अर्थ र मर्मलाई बुझेर व्यवहारमा प्रयोग गरी आत्मउन्नति गर्नु हो । यसर्थ नेपाली भाषामा प्रयोग भएका तत्सम शब्दहरूको सङ्ख्यात्मक र गुणात्मक दुवै अधिक रहेको मान्न सकिन्छ ।

नेपाली भाषामा आएका शब्दले प्रायः नाम, विशेषण, क्रियाविशेषण, संयोजक, नामयोगी, निपात, विस्मयादिबोधक जस्ता पदवर्गको रूपमा काम गरेका छन् । यिनमा पनि धेरै शब्दहरूले नेपाली भाषाको अभिव्यक्ति र शैलीलाई परिष्कृत एवम् आकर्षक बनाउने गर्दछ । तत्सम शब्दको आगमनले नेपाली भाषाको शब्दभण्डारमा ७० प्रतिशत जति अभाव पूर्ति गरेको पाइन्छ । तत्सम शब्दको प्रयोग सामान्य व्यवहारिक कामकाज देखि लिएर प्रशासनिक तथा कानुनी क्षेत्रमा समेत प्रशस्त मात्रामा हुने गर्दछ । जहाँ तत्सम शब्दको सुसङ्गठित हुन्छ त्यहाँ स्वभाविक रूपले काव्यात्मक आलङ्कारिक एवम् श्रुतिमधुरता उत्पन्न हुने गर्दछ । कतिपय आधुनिक वैज्ञानिक उत्पादनका रूपमा आएका नयाँ नयाँ वस्तुलाई नेपालीमा

चिनाउन पनि संस्कृत शब्दकै ठोस प्रयोग गरिन्छ । तत्सम शब्दले नेपाली भाषालाई शिष्ट, अर्थपूर्ण र व्यवहारिक बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुनाले यसको अध्ययन अनुसन्धान हुनु जरुरी छ ।

## आगन्तुक शब्द

संस्कृत भाषाबाट आएका भन्दा बाहेकका अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । आगन्तुक शब्द दुई किसिमका हुन्छन् - देशज र विदेशज ।

देशज - देश भित्रकै विभिन्न भाषाबाट आएका तथा भाषिकाहरूबाट आएका नेपाली शब्दलाई देशज आगन्तुक शब्द भनिन्छ । जस्तै क्वाँटी, डम्फू आदि ।

विदेशज - नेपालमा बोलिने अन्य विदेशी भाषाबाट आएका शब्दहरू विदेशज आगन्तुक शब्द अन्तर्गत पर्दछन् । जस्तै जेल, ट्रङ्क आदि ।

केही आगन्तुक शब्दहरू निम्नअनुसार उल्लेख गर्न सकिन्छ -

| | | |
|---|---|---|
| किराँती | - | चाम्लिङ, मुन्धुम, खुम्बू आदि । |
| गुरुङ | - | थुन्से, घुम, रोधी आदि । |
| तामाङ | - | डम्फू, च्याम्बा, सेलो आदि । |
| नेवारी | - | क्वाँटी, लाखे, ढोका आदि । |
| मगर | - | पटुका, बाउसे, रोल्पा आदि । |
| तिब्बती | - | थुक्पा, रक्सी, लामा आदि । |
| मैथिली | - | पटुवा, पैनी, जन आदि । |
| अरवी | - | अखवर, इनाम, जुलुस आदि । |
| अङ्ग्रेजी | - | कोट, रेडियो, डाक्टर आदि । |
| टुर्की | - | कैंची, चम्चा, कुल्ली आदि । |
| फारसी | - | अनार, कुस्ती, जिन्दगी आदि । |
| ल्याटिन | - | एजेन्डा, क्याम्पस, अप्रेटर आदि । |
| हिन्दी | - | ठक्कर, कच्चा, पहिचान आदि । |

आगन्तुक भनेको बाहिरबाट आएको भन्ने हुन्छ । संस्कृत बाहेक अरू भाषाबाट नेपालीमा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । यस्ता शब्दहरूमा नेपालमै बोलिने राष्ट्रिय भाषाका शब्दहरू र बाहिरबाट आएका सबै भाषाका शब्दहरू पर्दछन् । सबैको विन्यास नेपाली उच्चारणकै आधारमा हुन्छ ।

नेपाली भाषामा संस्कृत बाहेक अन्य विभिन्न भाषाबाट आएका केही आगन्तुक शब्द माथि प्रस्तुत गरिएको छ ।

## कार्यका आधारमा शब्दको वर्गीकरण

वाक्यमा शब्दले गर्ने कामका आधारमा शब्द वर्गीकरण गर्नुलाई नै कार्यका आधारमा शब्द वर्गीकरण भनिन्छ । यसका आधारमा शब्दलाई विकारी र अविकारी भनेर वर्गीकरण गरेको पाइन्छ (भट्टराई, २०६२ : पृ. १३) ।

| | |
|---|---|
| विकारी | अविकारी |
| नाम | नामयोगी |
| सर्वनाम | क्रियायोगी |
| विशेषण | संयोजक |
| क्रियापद | निपात |
| | विस्मयादिबोधक |

## विकारी शब्द

व्याकरणिक कोटि लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, वाच्य, भाव आदिका आधारमा एक रूपबाट अर्को रूपमा परिवर्तन वा विकार हुने पदलाई विकारी शब्द भनिन्छ । विकारी अन्तर्गत नाम, सर्वनाम, विशेषण र क्रियापद पर्दछन् (लम्साल, २०६७ : पृ. ११६) ।

## नाम

कुनै पनि व्यक्ति, वस्तु, भाव, पदार्थ वा अवस्था बुझाउने शब्दलाई नाम भनिन्छ । नाम वाक्यमा कर्ता, कर्म वा पूरक भई आउने रूप चल्ने पद हो । नामको परम्परागत वर्गीकरणलाई हेर्दा पाँच वर्गमा राखिएको पाइन्छ (बराल र एटम, २०६६ : पृ. १०) ।

### व्यक्तिवाचक नाम

कुनै व्यक्ति, वस्तु, नदी, पहाड वा धारणा विशेषलाई किटानीसाथ बुझाउन आउने शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ । जस्तै : सीता, नेपाल, मुनामदन, सगरमाथा ।

### जातिवाचक नाम

कुनै व्यक्ति, वस्तु नतोकी कुनै सजिव वा निर्जीव वस्तुलाई अथवा पदार्थका जाति विशेषलाई बुझाउन आउने पदलाई जातिवाचक नाम भनिन्छ । जस्तै : कवि, पहाड, किताब, गाई, नदी आदि ।

**समूहवाचक नाम**

कुनै पनि मानव जाति वा मानवेतर जाति वा पदार्थ जातिको समूह बुझाउन आउने शब्दलाई समूहवाचक नाम भनिन्छ । जस्तै : सभा, बथान, हुल, जन्ति, मलामी, गण आदि ।

**द्रव्यवाचक नाम**

नाप तौल गर्न सकिने तर गन्न नसकिने शब्दलाई द्रव्यवाचक नाम भनिन्छ, जस्तै : घ्यू, तेल, पानी, चाँदी, फलाम, चामल आदि ।

**भाववाचक नाम**

कुनै पनि व्यक्ति वा वस्तुलाई छुन र देख्न नसकिने केवल अनुभव मात्र गर्न सकिने शब्दलाई भाववाचक नाम भनिन्छ । जस्तै : दया, माया, सुख, दुःख, घृणा आदि ।

व्याकरणिक कार्यलाई प्रभावित पार्ने अर्थगत कोटीका आधारमा हेर्दा समग्र रूपमा नामको वर्गीकरण यसरी गर्न सकिन्छ -

नाम
- जातिवाचक / व्यक्तिवाचक — सङ्ख्येय — निर्जीव / सजीव
- मानवीय / अमानवीय — असङ्ख्येय — मूर्त / अमूर्त

(अधिकारी, २०४९ : पृ. २४)

## सर्वनाम

सर्वनामले नामको सन्दर्भ जनाउने काम गर्छ । नामको सन्दर्भ जनाउने हुँदा नामिक पद अन्तर्गत पनि राखिन्छ । सर्वनामले नामको जस्तै प्रत्यक्षतः खास व्यक्ति वा वस्तु वा धारणा जनाउँदैन । यसले खास धारणाको सङ्केत मात्र गर्छ । नाम, नामपद समूह तथा वाक्यको सट्टामा प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ (अधिकारी, २०४९ : पृ. २५) ।

नाम, नाम पदसमूह तथा वाक्यको सट्टामा प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ (बराल र एटम, २०६६ : पृ. १५) ।

विभिन्न व्याकरणविद्हरूले सर्वनामलाई विभिन्न आधारमा वर्गीकरण गरेका छन् । तिनै वर्गीकरणलाई आधार बनाएर सर्वनामलाई यसरी वर्गीकरण गरी देखाइन्छ ।

- व्यक्तिवाचक
  - प्रथम पुरुषवाचक
  - द्वितीय पुरुषवाचक
  - तृतीय पुरुषवाचक
- दर्शकवाचक
  - समीवाचक
  - दूरवाचक
- सम्बन्धवाचक
  - निश्चयवाचक
  - अनिश्चयवाचक

## विशेषण

कुनै पनि नाम वा सर्वनामका गुण, दोष, सङ्ख्या, अवस्था, मात्रा, सम्बन्ध, स्थिति जस्ता विशेषताहरू बुझाउने शब्दलाई विशेषण शब्द भनिन्छ । जस्तै : कान्छो, अग्लो, मोटो, अलिकति, पचास ( लम्साल र अन्य, २०६५ : पृ. १२०) ।

सामान्यतया विशेषण चार प्रकारका हुन्छन् ।

### गुणवाचक विशेषण

कस्तोको उत्तरमा आई नामको विशेषता, स्वरूप, गुण, दोष बुझाउनेलाई गुणबोधक भनिन्छ । जस्तै : असल, होचो, पढेको, जान्ने, दुधालु आदि ।

### सङ्ख्यावाचक विशेषण

नाम र सर्वनामको सङ्ख्या, क्रम, प्रवृत्ति आदिलाई बुझाउने निश्चित सङ्ख्या वा गन्न सकिने वस्तुको अनिश्चित सङ्ख्यालाई बुझाउने विशेषणलाई सङ्ख्याबोधक विशेषण भनिन्छ । सङ्ख्याबोधक विशेषणलाई पनि निश्चितबोधक र अनिश्चितबोधक विशेषणमा विभाजन गर्न सकिन्छ । जस्तै : पहिलो, दोस्रो, एक, दुई, थोरै, धेरै, सबै आदि ।

### परिमाणबोधक विशेषण

कति वा के कतिको मात्रा वा परिमाण जनाउनेलाई परिमाणबोधक विशेषण भनिन्छ । जस्तै अलिकति, थोरै, प्रशस्त, आधा, न्यून आदि ।

### सार्वनामिक विशेषण

विशेषणका रूपमा प्रयोग हुने सर्वनामलाई सार्वनामिक विशेषण भनिन्छ । सार्वनामिक विशेषण पनि निम्न भागमा विभाजन गर्न सकिन्छ :




## क्रियापद

कुनै काम भएको वा हुने कुरा बुझाउने शब्दलाई क्रिया भनिन्छ । अर्को शब्दमा भन्दा घटना, कार्यव्यापार, स्थिति वा अवस्था बुझाउने शब्दलाई क्रिया भनिन्छ । जस्तै : पढ्छ, हिड्छ, जान्छ, छ, हो आदि (लम्साल र भट्टराई, २०६५ : ३०) । क्रियालाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ :-




## अविकारी

जुन पदहरूको व्याकरणिक कोटीका आधारमा रुपायन हुँदैनन् ती अविकारी पदभित्र पर्दछन् । अविकारी पदलाई अव्यय पनि भनिन्छ (भट्टराई, २०६२ : १३) । अविकारी पदभित्र निम्न आदर पर्दछन् -

## क्रियायोगी

क्रियाको विशेषता बुझाउने वा तिनका अर्थमा केही थप्ने शब्दलाई क्रियायोगी भनिन्छ, जस्तै : ज्यादै, तुरुन्तै, बेसरी आदि । प्रकार्यका दृष्टिले यो (क्रियायोगी) वाक्यमा क्रिया तथा क्रियाविशेष्य र विशेषणको विशेषता बुझाउने र किन, कहिले, कहाँ, कसरी, के गरी र कति प्रश्नको उत्तर भई आउने शब्दवर्ग हो । यसलाई निम्नलिखित प्रकारमा विभाजन गर्न सकिन्छ -

(क) **समयवाचक** आज, भोलि, बिहान आदि ।

(ख) **स्थानवाचक** भित्र, बाहिर, सामुन्ने आदि ।

(ग) **रीतिवाचक** राम्ररी, बेसरी, यसरी आदि ।

(घ) **परिणामवाचक** धेरै, थोरै, अलिकति आदि ।

(ङ) **परिस्थितिवाचक** गरेकामा, जानुपर्नेमा आदि ।

(च) **क्रियान्तरवाचक** हेरी, सुनी, खाई आदि ।

(छ) **आवृत्तिवाचक** एकपल्ट, दुईचोटि आदि ।

(ज) **अनुकरणात्मक** खुत्रुक्क, ढकमक्क, चट्ट आदि ।

(झ) **कारणवाचक** पढ्न, बस्न, गर्न आदि । (लम्साल र अन्य २०६५ : ३२) ।

## नामयोगी

नामिक पद (नाम, सर्वनाम, विशेषण) मा जोडिन आउने र केही आफ्नो स्वतन्त्र अर्थ पनि हुने अविकारी पदलाई नामयोगी भनिन्छ । यिनले शब्द- शब्दका बीचमा वा शब्द र क्रियाका बीचमा आर्थी सम्बन्ध जोड्ने कार्य गर्दछन् (भट्टराई, २०६२ : ४९) । नामयोगी बद्ध शब्दवर्ग अन्तर्गत पर्दछन् । यिनले सामान्य : नाम वा नामस्थानिक पद/पदावलीसँग आई क्रियापद वा अन्य नामिक पदसँग विभिन्न आर्थी सम्बन्ध दर्साउँछन् (अधिकारी, २०४९ : ४३) ।

नामयोगी निम्नलिखित प्रकारका छन् -

(क) **समयवाचक** पहिले, अघि, पछि, पूर्व आदि ।

(ख) **स्थानवाचक** माथि, मुनि, भित्र, वर आदि ।

(ग) **रीतिवाचक** समान, झैँ, जस्तै, भन्दा आदि ।

(घ) **अवधिवाचक** मात्र, केवल, सम्म, मध्ये आदि ।

**(ङ) दिशावाचक** तर्फ, तिर, सामुन्ने आदि ।

**(च) अभाववाचक** बाहेक, विना, सिवाय आदि ।

**(छ) विनिमयवाचक** सट्टा, ठाउँमा आदि ।

**(ज) सहार्थवाचक** सँग, सहित, समेत आदि ।

**(झ) हेतुवाचक** निम्ति, लागि, खातिर आदि ।

(लम्साल र अन्य, २०६५ : पृ. ३२) ।

## संयोजक

संयोजकहरू पनि बद्ध शब्दवर्गभित्र पर्दछन् । यिनले शब्द, पदावली वा उपवाक्य जोड्ने काम गर्दछन् (अधिकारी, २०७१ : पृ. ७४) । दुई वा दुईभन्दा बढी वाक्य, उपवाक्य अथवा वाक्यहरूलाई जोड्ने अव्ययलाई संयोजक भनिन्छ, जस्तै : र, अथवा, तर, वा आदि । प्रकार्यका दृष्टिले यो संयोजक वाक्यमा पद, पदावली, उपवाक्य आदिलाई जोड्ने बन्द समूहको अविकारी शब्दवर्ग भित्र पर्दछ । सामान्यतया संयोजक दुई प्रकारका छन् । ती हुन् -

**(क) सापेक्ष संयोजक**

मुख्य उपवाक्य र अधीन उपवाक्य जोड्न आउने अव्यय पदलाई सापेक्ष संयोजक भनिन्छ । सापेक्ष संयोजकले मिश्रवाक्यका उपवाक्यलाई जोड्ने काम गर्दछ । जस्तै : जुन-जुन, जब-तब, जहाँ-त्यहाँ आदि ।

**(ख) निरपेक्ष संयोजक**

दुई वा दुईभन्दा बढी स्वतन्त्र उपवाक्यहरूलाई जोड्न आउने अव्ययपदलाई निरपेक्ष संयोजक भनिन्छ । जस्तै र, अनि, तर, वा आदि (लम्साल र अन्य, २०६७ : पृ. १३१) ।

## विस्मयादिबोधक

केही शब्दहरूले प्रायः वाक्यका अगाडि पृथक रूपमा आई त्यसमा व्यक्त अवधारणा माथि हर्ष, आश्चर्य, दुःख, उपहास, सहमति वा असहमति आदि विभिन्न मनोभाव जनाउन सघाउँछन् । त्यस्ता शब्दलाई विस्मयादिबोधक भनिन्छ (अधिकारी, २०७१ : पृ. ८१) । विस्मयादिबोधक निम्न प्रकारका रहेका छन् :

(क) हर्ष / प्रशंसावाचक अहा ! स्याबास, धन्यवाद ! आदि ।

(ख) शोकवाचक हाय ! थक्क ! कठै ! आदि ।

| | |
|---|---|
| (ग) आश्चर्यवाचक | ओहो ! ल ! आम्मै ! आदि । |
| (घ) घृणावाचक | छि ! धत् ! थुक्क ! आदि । |
| (ङ) पीडाबोधक | ऐया ! उफ् ! आत्थु ! आदि । |
| (च) सम्बोधनवाचक | ए ! हे ! ओ ! आदि । |
| (छ) उपहास | आहा ! हिहि ! आदि |
| (ज) अपशोच | ज्या ! आदि । |
| (झ) आभार | धन्यवाद ! साधुवाद ! आदि |
| (ञ) अनुभूति | ए ! अँ ! ओ ! आदि । (भट्टराई, २०६२ : पृ. ५३, ५४) |

## निपात

'वाक्यमा प्रयुक्त निकटवर्ती शब्द वा वाक्यका अर्थलाई नै द्योतन गर्ने अव्यय पद निपात हुन् । अव्यय भए पनि यी क्रियायोगी र संयोजकबाट स्पष्टता : भिन्न देखिन्छन् ।' (अधिकारी, २०७१ : पृ.७७) ।

वाक्यमा आफ्नो स्वतन्त्र अर्थ नभएका तर वाक्यमा प्रयोग हुँदा अनुनय, सहमति, प्रतिक्रिया, निश्चय, स्वीकृति, सम्बोधन आदि भाव बुझाउने पदलाई निपात भनिन्छ । जस्तै त, पो, नि, ल, है आदि । प्रकार्यका दृष्टिले निपात वाक्यात्मक स्थितिमा आएर अवधारणा, निश्चय, आग्रह, अनुनय, प्रार्थना, सहमति आदि द्योतक गर्ने शब्द समूहको अविकारी शब्दवर्ग हो । निपातलाई निम्न आधारमा वर्गीकरण गरिएको छ -




(लम्साल र अन्य, २०६५ : पृ. ३४)

शब्दको वर्गीकरण गर्ने मूल आधार त्यसले वाक्यमा गर्ने कार्य हो । कार्यका आधारमा शब्दलाई विकारी र अविकारी गरी दुई प्रकारमा बाँड्न सकिन्छ । विकारी शब्दमा नाम, सर्वनाम, विशेषण र क्रिया पर्दछन् । विकारी शब्दलाई रूपावली वा विकार उत्पन्न हुने हुनाले विकारी शब्द भनिएको हो । अविकारी शब्दमा क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात पर्दछन् । यिनीहरूको रूप परिवर्तन गर्न नसकिने हुनाले यी शब्दहरूलाई अविकारी शब्द भनिन्छ ।

## तत्सम शब्दको विश्लेषण

## तत्सम शब्दको अर्थ र तात्पर्य

संस्कृत भाषाबाट रूप परिवर्तन नभई सोझै नेपाली भाषामा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । यस सन्दर्भमा 'तत्' शब्दको अर्थ त्यसका अर्थात् संस्कृतका र सम शब्दको अर्थ समान हो ।

तत्सम / तत्सम् / (तत्स.) (तत् + सम) वि.१ त्यो समान वा त्यो जस्तो, पहिले जस्तो थियो त्यस्तो, तत्समान (उदा. तत्सम स्थिति) ना. २. संस्कृतबाट नेपालीमा स्वरूप नफेरिई प्रयोग भएका शब्द (उदा. रक्षा, ऋषि, कृति, विशेष, शिशु आदि) तत्सम शब्द हुन् (अधिकारी र भट्टराई, २०७० : पृ. ६१७) ।

संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरिई आउने शब्दलाई तत्सम (तत् समान) शब्द भनिन्छ, जस्तै : कार्य, ग्राम, उज्ज्वल, छात्र, क्षेत्र, पति, पक्षी, निन्द्रा, मस्तिष्क, मूर्ति, ललाट, युवति, पुत्र, सन्ध्या आदि (खड्का, २०६७ : पृ. ३८) ।

तत्सम शब्द नेपालीको पुर्ख्यौली भाषा अर्थात् संस्कृत स्रोतबाट रूप परिवर्तन नगरी नेपाली भाषामा आएका ('तत्' संस्कृत भाषा र 'सम' त्यसबाट अपरिवर्तित भएर उस्तै रूपमा आएका) शब्दलाई तत्सम शब्द भनिन्छ । जस्तै : पुस्तक, पुत्र, शान्ति, बुद्धि, पिता, माता, सम्पादक, लेखक, सहमति, परिचय, इत्यादि (दाहाल, २०६७ : पृ. २८) ।

तत्सम शब्द 'तत्' र 'सम' शब्दको योगबाट बनेको देखिन्छ । तत्को अर्थ संस्कृत र समको अर्थ अपरिवर्तित वा उस्तै रूपमा आएका भन्ने हुन्छ । तत्सम शब्दको शाब्दिक अर्थ 'त्यो जस्तै' भन्ने हो । यहाँ यसको पारिभाषिक अर्थ लागू हुन्छ । संस्कृतका पुर्ख्यौली स्रोतबाट जस्ताको तस्तै रूपमा वा थोरै मात्र परिवर्तन भई नेपाली चलन चल्तीमा लगाएका शब्दहरू नै तत्सम शब्द हुन् । जस्तै आकाश, यज्ञ, कवि, कलश, शिखर, शिक्षा, जल आदि (अधिकारी, २०६७ : पृ. २९) ।

यसरी माथिका आधारहरूलाई हेर्दा निष्कर्षमा तत्सम शब्दको अर्थ तत्को अर्थ संस्कृतका र समको अर्थ समान हो । संस्कृत भाषाबाट रूप नफेरिई नेपाली भाषामा जस्ताको तस्तै रहेका शब्दलाई तत्सम शब्द भनिन्छ ।

नेपाली भाषाको शब्दभण्डार धेरैजसो संस्कृत भाषाकै शब्दभण्डारले भरिएको छ । संस्कृत भाषाबाट आफ्नो रूप नफेरिईकन नेपाली भाषामा जस्ताको तस्तै रहेका शब्दहरूलाई तत्सम शब्द भनिन्छ । प्रयुक्त स्नातक प्रथम वर्षको अनिवार्य नेपाली विषयको पाठ्यांशमा पाँचवटा कथा रहेका छन् । जसमा एकरात, लङ्काकाण्ड, आरूको बोट, पछबरिया टोल र गाउँमा गीतहरू गुन्जिदैनन् कथाहरू रहेका छन् । यी कथा विधामा तत्सम शब्दहरू के कस्ता छन् निम्नानुसार विश्लेषण गरिएको छ :

## एक रात (विश्वेश्वरप्रसाद कोइराला) कथामा रहेका तत्सम शब्दहरू

नेपाली साहित्यका आधुनिक मनोवैज्ञानिक धाराका प्रणेता विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) का दुई कथा सङ्ग्रह नेपाली साहित्यमा लोकार्पण भएका छन् । कोइरालाका दुई कथा सङ्ग्रहमा सङ्ग्रहित अधिकांश कथाहरूमा मनोविज्ञानलाई अथवा यौन मनोविज्ञानलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । कथामा मानिसका अवचेतन मनमा दबेर रहेका यौनावेगहरूले निकास पाएन भने त्यसले ठूलो दुर्घटना निम्त्याउँछ भन्ने भावलाई धेरै जसो कथाहरूले सम्प्रेषण गरे पनि 'एक रात' कथामा भने त्यो भाव प्रस्तुत गरिएको छैन । 'एक रात' कथा पाठकका लागि बोधगम्य नै पाइन्छ । यस कथालाई संरचनागत रूपमा हेर्ने हो भने मध्यम आयाममा रहेको पाइन्छ । एक बसाइमा पढेर सकिने बाह्र पृष्ठमा संरचित रहेको छ । कथामा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको समुचित प्रयोगले कथागत पूर्णता पाएको छ । यस 'एक रात' कथामा जम्मा तेत्तीस सय अन्ठाउन्न शब्द रहेका छन् । यसमा तत्सम शब्द जम्मा १ सय पन्ध्र रहेका छन् भने अरू तद्भव र आगन्तुक शब्द रहेका छन् । त्यसमा पनि धेरै तत्सम शब्दहरू दोहोरिएका छन् । यसरी एक रात कथामा रहेका तत्सम शब्दहरूको निर्माण प्रक्रिया शब्द, वर्ग, व्युत्पति, पृष्ठ निम्न अनुसार रहेका छन् -

| **शब्द** | **वर्ग** | **व्युत्पत्ति** | **अर्थ** | **पाठ** | **पृष्ठ** |
|---|---|---|---|---|---|
| निस्पन्द | विशेषण | नि+स्पन्द | निष्पन्द | एक रात | १३ |
| निस्पट्ट | विशेषण | निस्+पट | निष्पट | " | " |
| काजल | नाम | मूल शब्द | गाजल | " | " |
| आकाश | नाम | आ+काश | पृथ्वीको खुला ठाउँ | " | " |
| शान्त | विशेषण | शम्+त | सुनसान | " | " |
| आवास | नाम | मूल शब्द | घर | " | " |
| विश्व | नाम | मूल शब्द | सम्पूर्ण सृष्टि | " | " |
| कृषक | नाम | मूल शब्द | किसान | " | " |
| धनी | विशेषण | धन+ई | धनवान | " | " |

| | | | | | |
|---|---|---|---|---|---|
| व्यक्ति | नाम | वि+अञ्ज+ति | पृथक मान्छे | " | " |
| बालक | नाम | बाल+क | सानो बच्चा | " | " |
| विद्यार्थी | नाम | विद्या+अर्थी | विद्याको चाहना राख्ने व्यक्ति | " | " |
| पुरुष | नाम | मूल शब्द | लोग्ने मान्छे | " | " |
| नारी | नाम | नर+ई | स्वास्नी मान्छे | " | " |
| ध्वनि | नाम | ध्वन+इ | सुन्न सकिने आवाज | " | " |
| आश्रय | नाम | आ+श्रय | कुनै व्यक्ति वा वस्तुको आड | " | " |
| दाम्पत्य | नाम | दम्पती+य | पतिपत्नी बीचको सम्बन्ध | " | " |
| किशोर | नाम | मूल शब्द | एघारदेखि पन्ध्र वर्ष उमेरको केटो | " | १४ |
| तन्द्रा | नाम | मूल शब्द | निदाउनु भन्दा पहिले वा निन्द्रा छुटेपछि पनि आँखा लठ्ठ हुने स्थिति | " | " |
| कर्कश | विशेषण | मूल शब्द | रूखो आवाजले बोल्नु | " | " |
| घडी | नाम | मूल शब्द | चौबीस मिनेटको समय | " | " |
| कोमल | विशेषण | मूल शब्द | छाम्दा कोमल वा मुलायम | " | " |
| इच्छा | नाम | मूल शब्द | कुनै कुराको प्राप्ति वा विनासका लागि मनमा उठ्ने चाहना | " | " |
| अन्तिम | विशेषण | अन्त+इम | सबभन्दा पछिल्लो | " | " |
| विसर्जन | नाम | वि+सृज+अन | देवताहरूको बिदाइ | " | " |
| मानवीय | विशेषण | मानव+ईय | मानव सम्बन्धी | " | " |
| मर्यादा | नाम | मूल शब्द | आचरण वा व्यवहारको सीमा | " | " |
| अस्वाभाविक | नाम | अ+स्वभाविक | स्वभाविकताको अभाव | " | " |
| समाप्त | विशेषण | मूल शब्द | पूरा भएको | " | " |
| युद्ध | नाम | युध्+त | दई देश वा जातिका बीचमा हुने भिडन्त | " | " |
| अकस्मात् | क्रियायोगी | मूल शब्द | अचानक | " | " |
| न्याय | नाम | मूल शब्द | मुद्दा मामिलामा पक्ष र विपक्षका कुरा सुनिसकेपछि दिइने सहि निर्णय | " | " |

| | | | | | |
|---|---|---|---|---|---|
| आयोजना | नाम | आ+योजन+आ | विशेष कार्यका लागि गरिने प्रबन्ध | " | " |
| केवल | क्रियायोगी | मूल शब्द | त्यति मात्र | " | " |
| भावना | नाम | भाव्+अन+आ | मनमा उत्पन्न हुने कल्पना | " | " |
| अनुद्विग्न | विशेषण | अनु+उद्विग्न | नहड्बडाएको | " | " |
| दृश्य | नाम | दृश्+य | आँखाले देख्न हेर्न सकिने | " | " |
| ग्रामीण | विशेषण | ग्राम+ईन | गाउँसँग सम्बन्धित | " | " |
| राजनीति | नाम | राज्य+नीति | राज्य शासन चलाउने व्यवस्था | " | " |
| अन्ध | विशेषण | मूल शब्द | अध्यारो | " | " |
| वात्सल्य | नाम | वात्सल+य | सानाप्रति ठूलाले गर्ने स्नेह | " | " |
| प्रजातन्त्र | नाम | प्रजा+तन्त्र | जनताबाट निर्वाचित प्रतिनिधिहरूबाट चलाइने शासन व्यवस्था | " | " |
| इतिहास | नाम | इति+ह+आस | कुनै देश, जाति र संस्था आदिको उत्पति र विकासको कथा | " | " |
| माया | नाम | मूल शब्द | आफूभन्दा सानालाई गरिने स्नेह | " | " |
| आन्दोलन | विशेषण | आ+दोलन | निश्चित उद्देश्य पूर्तिका लागि सर्वसाधारण जनता वा समुदायमा जागरण उत्पन्न गराउने गतिविधि | " | " |
| उत्साहित | विशेषण | उत्साह+ईत | उत्साह भएको | " | " |
| बालिका | नाम | बाल+इका | बालक स्त्री | " | " |
| कथा | नाम | कथ्+आ | घटना वा आख्यान भएको घटना | " | " |
| आग्रह | नाम | आ+ग्रह | कसैसँग गरिने अनुरोध | " | " |
| जगत् | नाम | मूल शब्द | संसार | " | " |
| अर्धाङ्गिनी | नाम | अर्ध+अङ्ग+इनी | पति वा पत्नी एक्लैमा अपूर्ण हुन्छन् भन्ने विश्वासमा पुरुषको आधा अङ्ग ठानिएकी नारीलाई जनाउने शब्द | " | " |
| उपस्थित | विशेषण | उप+स्थित | सामुन्ने देखा परेको | " | " |
| पत्नी | नाम | पति+नी | कसैकी विवाहित स्त्री | " | " |

| | | | | | |
|---|---|---|---|---|---|
| राधा | नाम | मूल शब्द | भगवान् कृष्णकी प्रेमिका | " | " |
| युग | नाम | मूल शब्द | पुराण अनुसार ज्यादै लामो समय अवधिलाई जनाउने शब्द | " | " |
| प्रेम | नाम | प्री+इम | प्रीति | " | " |
| घनिष्ट | विशेषण | घन+इष्ट | सबभन्दा नजिकको | " | " |
| सुधी | विशेषण | सुधो+ई | सोझी | " | " |
| क्रान्तिकारी | नाम | क्रान्ति+कारी | क्रान्ति गर्ने | " | " |
| गोष्ठी | नाम | गोष्ठ+ई | विद्वान्हरू भेला भई गरिने छलफल | " | " |
| तानाशाह | नाम | मूल शब्द | जबरजस्ती सत्ता कब्जा गरेर आफूले चाहे बमोजिम शासन गर्ने शासक | " | " |
| रक्त | नाम | मूल शब्द | रगत | " | " |
| सन्तान | नाम | सम्+तान | छोराछोरी | " | " |
| प्रसन्न | विशेषण | प्र+सत्+न | खुसी भएको | " | " |
| आशङ्का | नाम | आ+शङ्का | खराब कुरा हो कि भन्ने शङ्का | " | " |
| प्राणनाथ | नाम | प्राण+नाथ | प्राणको आधार | " | " |
| वेग | नाम | मूल शब्द | जीव वा वस्तुको तेजिलो गति | " | " |
| गोल | विशेषण | मूल शब्द | बाटुलो | " | " |
| गर्जन | नाम | गर्ज+अन | ठूलो आवाजले कराउने काम | " | " |
| विदेश | नाम | वि+देश | आफ्नो मुलुक भन्दा भिन्न मुलुक | " | " |
| स्वतन्त्रता | नाम | स्वतन्त्र+ता | स्वतन्त्र हुँदाको अवस्था | " | " |
| उत्साह | नाम | उत्+साह | कुनै कार्यका लागि मनमा उब्जिने जोस | " | " |
| आधुनिक | विशेषण | अधुना+इक | अहिलेको | " | " |
| अहिंसा | नाम | अ+हिंसा | हिंसा नहुँदाको अवस्था | " | " |
| प्रारम्भिक | विशेषण | प्रारम्भ+इक | कुनै काम सुरु भएको अवस्था | " | " |
| अनिवार्य | विशेषण | अ+निवार्य | रोक्न नसकिने | " | " |
| परिमाण | नाम | परि+मान | कुनै वस्तुको नापो | " | " |

| | | | | | |
|---|---|---|---|---|---|
| दृष्टिपात | नाम | दृष्टि+पात | हेर्ने काम | " | " |
| जातक | नाम | जात+क | भर्खर जन्मेको | " | " |
| पुस्तक | नाम | मूल शब्द | पढ्ने ग्रन्थ | " | " |
| गीता | नाम | गीत+आ | महाभारतको युद्धमा भगवान कृष्णले अर्जुनलाई दिएको उपदेश | " | " |
| भावार्थ | नाम | भाव+अर्थ | कथनको मुख्य अभिप्राय | " | " |
| दृष्टि | नाम | दृश्+ति | हेर्ने काम | " | " |
| वाणी | नाम | वण्+इ | मुखबाट निस्कने बोली | " | " |
| यात्रा | नाम | या+त्र+आ | एकठाउँबाट अर्को ठाउँमा पुग्ने आउने काम | " | " |
| मञ्च | नाम | मूल शब्द | नाटक आदि देखाउन बनाएको अग्लो ठाउँ | " | " |
| निष्पट | विशेषण | निस्+पट | निष्पट्ट | " | " |
| निस्तब्धता | विशेषण | निस्तब्ध+ता | सुनसानको स्थिति | " | " |
| निविष्ट | विशेषण | नि+विश्+त | निमेश भएको | " | " |
| मस्तिष्क | नाम | मस्त+इष्+क | दिमाग | " | " |
| चन्दन | नाम | मूल शब्द | श्रीखण्ड आदि सुगन्धी काठ घोटेर बनाइएको लेप | " | " |
| टीका | नाम | टीक+आ | टिको | " | " |
| आश्चर्य | नाम | मूल शब्द | नयाँ कुरा देख्दा लाग्ने अचम्म | " | " |
| बोध | नाम | बुध्+अ | सुनेर, पढेर, हेरेर बुझ्ने काम | " | " |
| शरीर | नाम | मूल शब्द | जिउ | " | " |
| गन्ध | नाम | मूल शब्द | नाकले थाहा पाउने वासना | " | " |
| असाधारण | विशेषण | अ+साधारण | साधारण नभएको | " | " |
| असङ्ख्य | विशेषण | अ+सङ्ख्या+य | गन्न नसकिने | " | " |
| तारा | नाम | मूल शब्द | आकाशमा देखिने उज्यालो पिण्ड | " | " |
| शुक्र | नाम | मूल शब्द | नौ ग्रह मध्ये एक ग्रह | " | " |

| | | | | | |
|---|---|---|---|---|---|
| अस्थायी | विशेषण | अ+स्थायी | धेरै समयसम्म नटिक्ने | " | " |
| याम | नाम | मूल शब्द | समय | " | " |
| निन्द्रा | नाम | मूल शब्द | अल्छीपनले आँखा लठ्ठ भइ शरीर तथा मन जागरुक नभएको अवस्था | " | " |
| आशावादी | विशेषण | आशा+वादी | कुनै कुरा होला भन्ने अपेक्षा राख्ने | " | " |
